विश्वविद्यालय अनुदान आयोग

पत्र संख्याः
च. नं.:

मितिः

प्रेस विज्ञप्ति

विषयः

२०७७ पुस २७ गते

## आयोगका नव नियुक्त सचिवज्यूको पद बहाली

विश्वविद्यालय अनुदान आयोगका नव नियुक्त सचिव प्रा. शंकरप्रसाद भण्डारीज्यूले पद बहाली गर्नु भएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७ पुस २० गतेको बैठकले प्रा. शंकरप्रसाद भण्डारीज्यूलाई आयोगको सचिवमा नियुक्त गर्ने निर्णय गरेको थियो। आयोगका निवर्तमान सचिव प्रा.डा. देवराज अधिकारीज्यूको कार्यकाल गत असोज १६ मा समाप्त भएपछि आयोगको सचिव पद रिक्त रहेको थियो।

आयोगका नव नियुक्त सचिव प्रा. शंकरप्रसाद भण्डारीज्यूको स्वागतमा आयोगमा मिति २०७७/०९/२७ गते एक कार्यक्रमको आयोजना गरियो। आयोगलाई अझै सबल र सुदृढीकरण गर्नु पर्ने आवश्यकता रहेको बताउदै नव नियुक्त सचिवज्यूले पदाधिकारी, कर्मचारी तथा सबै सरोकारवालाहरुको संयुक्त प्रयासबाट आयोगलाई थप उचाईमा पुऱ्याउनु पर्नेमा जोड दिनु भयो। आयोगको प्रणालीगत विकासलाई थप मजबुद बनाउनु पर्ने र आयोगका काम कारवाहीलाई थप परिणाममुखी बनाउन सामुहिक कार्य गतिशिलतामा केन्द्रित हुनुपर्ने औंल्याउनु भयो। सचिवज्यूले उच्च शिक्षाको विकासका लागि आयोगले महत्वपूर्ण भूमिका खेल्दै आएकोमा प्रशंसा गर्दै आयोगले स्रोत परिचालनलाई प्रभावकारी बनाउनु पर्ने र मानवस्रोत विकासमा ध्यान केन्द्रित गनुपर्ने बताउनु भयो।

कार्यक्रममा आयोगका अध्यक्ष प्रा.डा. भीमप्रसाद सुवदीले नव नियुक्त सचिवज्यूलाई बधाई तथा सफल कार्यकालको शुभकामना प्रदान गर्नु भयो। आयोगले अनुभवी र विज्ञ व्यक्ति पाएकोमा खुशी व्यक्त गर्दै आयोगका अध्यक्षज्यूले सचिवज्यूको विज्ञता र क्षमता आयोगका साथै नेपालको उच्च शिक्षाको सुधारमा उपयोगी हुने बताउनु भयो। आयोगका अध्यक्षज्यूले उच्च शिक्षाको व्यवस्थापन र गुणस्तर अभिवृद्धिका लागि आयोगको भुमिका ठूलो रहेको औंल्याउदै आयोगमा सचिवज्यूको नियुक्तिले आयोगले नयाँ गति लिने बताउनु भयो।

कार्यक्रममा आयोगका प्रमुख प्रशाकीय अधिकृत श्री सुवासचन्द्र ढुंगेलज्यूले स्वागत मन्तव्य राख्नु हुदै आयोगका काम कारवाहीका बारेमा परिचित रहनु भएका सचिवज्यूको नियुक्तिले आयोगका दैनिक काम कारवाही सहज र प्रभावकारी रुपमा अगाडी बढ्ने विश्वास व्यक्त गर्नु भयो।

सुवासच. ढुंगेल
२०७७/९/२७